संवत २०८० सालको मापदण्ड नं २

# स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको एकै पटकको लागि एक तहवृद्धि सम्बन्धी मापदण्ड, २०८०

गाउँ कार्यपालिकाको वैठकबाट स्वीकृत मितिः२०८०/०२/०१

उदयपुरगढी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

उदयपुरगढी, उदयपुर

कोशी प्रदेश, नेपाल

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

# स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको एक पटकको लागि एक तहवृद्धि सम्बन्धी मापदण्ड, २०८०

प्रस्तावना: निजामती सेवा,संघिय लोक सेवाबाट सिफारीस र अन्य सेवाबाट स्थानीय तहमा कर्मचारी समायोजन ऐन,२०७५ वमोजिम समायोजन भएका कर्मचारीहरुको एक पटकका लागि एक तहवृद्धि सम्वन्धमा "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८०" को दफा ८ को उपदफा (१६) को प्रावधान कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,

उदयपुरगढी गाउँकार्यपालिकाको वैठकले अध्यादेशको दफा १५४. वमोजिम यो मापदण्ड जारी गरीएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको एक पटकको लागि एक तहवृद्धि सम्बन्धी मापदण्ड, २०८०" रहेको छ ।

२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) "अध्यादेश" भन्नाले कोशी प्रदेशले जारी गरेको "स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८०" लाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले उदयपुरगढी गाउँपालिका सम्झनुपर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले उदयपुरगढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(घ) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्दछ ।

(ङ) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोग सम्झनु पर्दछ ।

(च) "समायोजन ऐन" भन्नाले कर्माचारी समायोजन ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

(छ) "स्थायी पद" भन्नाले निबृतभरण वा योगदान मुलक निवृतभरण वा उपदान पाउने र म्याद नतोकीएको स्थानीय सेवाको पद सम्झनु पर्दछ ।

(ज) "तहवृद्धि" भन्नाले अध्यादेशको दफा ८. (१६) वमोजिमका कर्मचारीहरुको एक पटकका लागि एक तहबृद्धि गर्ने कार्यलाई सम्झनुपर्छ ।

(झ) "समिति" भन्नाले दफा ७ वमोजिमको तहबृद्धिका लागि गठित समितिलाई सम्झनु पर्दछ ।

(ञ) "अख्तियारवाला" भन्नाले स्थानिय सेवामा नियुक्ती पदस्थापन र अवकासको निर्णय गर्ने अधिकारीलाई सम्झनु पर्दछ ।

(ट) "स्थानीय तह" भन्नाले उदयपुरगढी गाउँपालिका सम्झनु पर्दछ ।

## परिच्छेद-२

## तह वृद्धिका आधार, अवस्था र प्रक्रिया

३. तह वृद्धिका आधारः (१) तह वृद्धिका आधारहरु देहाय बमोजिम हुनेछ ।

(क) अध्यादेश वमोजिमको दफा ८. को उपदफा (१६) अनुसार मापदण्ड पुगेका स्थानीय सेवाका कर्मचारीहरुको एक पटकको लागि एक तह वृद्धि हुनेछ नभएकाहरुको एक पटकको लागि एक तहवृद्धि गरिनेछ ।

४. तह वृद्धि हुन सक्ने अवस्थाः (१) देहायको अवस्थामा कर्मचारीको एक पटकको लागि एक तहवृद्धि गरिनेछ ।

(क) अन्य सेवा (साविक गा वि स,जि वि स, विकास समिति आदी) वाट स्थायी नियुक्ती भई कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम समायोजन पूर्वको पद तहमा समायोजन भई हालसम्म तहबृद्धि वा वढुवा नभएका स्थानीय तहका कर्मचारीहरु

(ख) संघिय लोकसेवा आयोगबाट २०७६ सालमा सिफारीस भई स्थानीय तहको पदमा पदस्थापना भएका छैठौ तहका कर्मचारीहरु

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

(ग) स्थायी निजामती कर्मचारीहरु समायोजन ऐन,२०७५ बमोजिम समान पद र तहमा स्थानीय तहको पदमा समायोजन भई यो मापदण्ड स्विकृत हुँदाको वखत सम्म तहवृद्धि नभएका कर्मचारीहरु

५. यस मापदण्ड वमोजिम तह वृद्धि हुन नसक्ने अवस्थाः (१) देहायको अवस्थाका कर्मचारीहरुको तह वृद्धि हुन सक्ने छैन।

(क) समायोजन पछि वढुवा भएको भएमा

(ख) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखीएको भए तापनि देहाएको कर्मचारी तहवृद्धि हुने पदको लागि उम्मेदवार हुन सक्ने छैन :-

(१) प्रचलीत कानून वमोजिम निलम्वन भएकोमा निलम्वन भएको अविधभर ।

(२) विभागीय सजाय भई वढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर ।

(ग) समायोजन पछिका प्रदेश लोक सेवा आयोगवाट नयाँ विज्ञापनमा सिफारिस भई स्थानीय तहमा नियुक्ति पाएका

(घ) स्थानीय तह गठन पछी उदयपुरगढी गाउँपालिका भन्दा अन्यत्र नियुक्ती भई उदयपुरगढी गाउँपालिकामा कामकाजका लागि सरुवा भई आएका

(ङ) दफा ४ वमोजिमका कर्मचारी वाहेकका कर्मचारीहरु ।

६. तह वृद्धि सम्वन्धी कार्यविधी :- (१) तहवृद्धि हुन चाहने कर्मचारीहरुले देहाय वमोजिमको प्रकृया अवलम्वन गर्नुपर्नेछ ।

(क) तह वृद्धि हुन इच्छुक कर्मचारीले अनुसूचि १ वमोजिम निवेदन दिनु पर्नेछ । साथै कर्मचारीले निवेदन साथ समायोजन पत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

(ख) तहवृद्धि सम्वन्धी एकिन गर्ने : तह वृद्धिका लागि यो मापदण्ड स्वीकृत भए पश्चात प्राप्त हुने निवेदनका सम्वन्धमा यस मापदण्डमा उल्लेखित आधार पुरा भए नभएको एकिन समितिले गर्नुपर्नेछ ।

(ग) विवरण संलग्न हुनुपर्नेः तहवृद्धिको प्रक्रिया रुजु गर्दा कर्मचारी व्यवस्थापन प्रणाली, समायोजन प्रणाली तथा वैयक्तिक विवरण प्रणालीलाई आधार मान्नुपर्ने र दुवै प्रणालीको विवरण संलग्न हुनु पर्नेछ ।

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## परिच्छेद-३

## तहवृद्धि सम्वन्धी समिति सम्बन्धी व्यवस्था

७. तहवृद्धि समितिः (१) यस मापदण्ड वमोजिमको एक पटकको लागि गरिने तहवृद्धिका लागि देहाय वमोजिमको सिफारीस समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| (ख) वरिष्ठ अधिकृत | सदस्य |
| (ग) प्रशासन शाखा प्रमुख | सदस्य-सचिव |

२) समितिको वैठकमा अन्य प्रमुख, शाखा प्रमुखलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सक्नेछ ।

३) उपदफा १ वमोजिमको समितिले वैठक कार्यविधि आफै तय: गर्न सक्नेछ ।

४) समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

क) सुचना प्रकाशन गर्ने : सात दिनको समयावधी दिई आवेदन गर्ने समय प्रदान गर्ने

ख) सुचना अवधि भित्र परेका आवेदन तथा कागजातहरुको छानविन गर्ने

ग) यस मापदण्ड भित्र पर्ने आवेदक कर्मचारीहरुको स्तरबृद्धिका लागि अख्तियारवाला समक्ष सिफारीस गर्ने ।

## परिच्छेद-४

## विविध

८. स्वास्थ्य सेवाको कर्मचारीको तहबृद्धि :स्वास्थ्य सेवा तर्फको कर्मचारीको तहबृद्धि स्वास्थ्य सेवा सम्वन्धी संङ्घीय कानूनले तोकेको वमोजिम गरिनेछ ।

९. प्रचलित कानून बमोजिम हुनेः यस मापदण्डमा उल्लेख भएका विषयको हकमा यसै मापदण्ड बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

रमेश राई
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

**स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको एक पटकको लागि एक तह बृद्धि सम्वन्धी मापदण्ड,२०८० को दफा ६(क) बमोजिमको निवेदन ढाँचा**

मितिः ..................................

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**उदयपुरगढी गाउँपालिका,**
**उदयपुरगढी, उदयपुर ।**

विषयः तह वृद्धि सम्वन्धमा ।

प्रस्तुत विषयमा कोशी प्रदेश सरकारद्वारा मिति २०८०/०१/१४ गते जारी गरिएको **"स्थानीय सेवाको (गठन तथा सञ्चालन) अध्यादेश"**, २०८० को परिच्छेद-३ को दफा ८. को (१६) वमोजिम "निजामती सेवा बाहेक अन्य सेवाबाट स्थानीय तहमा समान पदमा समायोजन भई आएका नवौं तहसम्मका स्थायी कर्मचारी तथा सङ्घीय लोक सेवा आयोगबाट स्थानीय तहको छैटौं तहमा सिफारिस भई आएका र यो अध्यादेश जारी हुँदाका बखतसम्म तह वृद्धि नभएका कर्मचारीहरुलाई एक पटकको लागि एक तह वृद्धि गरिनेछ" भनि अध्यादेश जारी भएको हुँदा **"कर्मचारी समायोजन ऐन, २०७५"** जारी हुँदाका बखत एक तह वृद्धि नभई समायोजन भएको म.......................................................................यो अध्यादेश बमोजिम एक तह वृद्धि गरिदिन हुन साथै तह वृद्धिका लागि आवश्यक सम्पूर्ण कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

निवेदक

कर्मचारीको नाम, थर : ..............................

क.स.नं. ..............................

समायोजन मिति :..................................

हालको पद :

सेवा :

समुह/उपसमुह :

निवेदनका साथ पेश गरिएको कागजातहरु :

१ लोकसेवा आयोगको सिफारीस पत्र

२ नियुक्ती पत्र

३ समायोजन पत्र